# माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

| |
|---|
| **स्थानीय राजपत्र** |
| माडी नगरपालिकाद्वारा प्रकाशित |
| खण्ड (८), साल २०८१ पौष महिना २८ गते, संख्या ४ |

भाग - १

**माडी प्रज्ञा प्रतिष्ठान ऐन, २०८१**

# माडी  प्रज्ञा प्रतिष्ठान ऐन, २०८१

**प्रस्तावना :**

माडी नगरपालिकाका भाषा, साहित्य, संस्कृति, दर्शन, सामाजिकशास्त्र, ललितकला, नाट्य, सङ्गीत, ज्ञानविज्ञान क्षेत्रको संरक्षण, संवर्धन र विकासका लागि आवश्यक व्यवस्था गर्न नगरस्तरमा एउटा प्रतिष्ठान स्थापना गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐनको धारा १०२ बमोजिम माडी नगरपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस ऐनको नाम माडी प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ रहेको छ ।

(ख) यस ऐन माडी नगरपालिकाको नगर सभाले पारित गरेपश्चात तुरुन्त लागू हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “प्रतिष्ठान” भन्नाले दफा ३ बमोजिम गठन भएको माडी प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्छ ।

(ख) “नगर स्तरीय प्रज्ञा सभा” भन्नाले दफा ७ बमोजिम गठित सभालाई सम्झनु पर्छ ।

(ग) “कार्यकारिणी समिति” भन्नाले दफा ८ बमोजिम गठित परिषद्लाई सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले माडी नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) “अध्यक्ष” भन्नाले माडी प्रज्ञा प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

## प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

### ३. प्रतिष्ठानको स्थापना :

(क) नगरपालिकाभित्र रहेका भाषा-साहित्य, ललितकला, गीत, सङ्गीत, दर्शन, सामाजिकशास्त्र, ज्ञान विज्ञान तथा संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, संबर्धन र विकासको लागि माडी प्रज्ञा प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

(ख) प्रतिष्ठानको कार्यालय माडी नगरपालिकाले तोकेको स्थानमा हुनेछ ।

### ४. प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुने :

(क) प्रतिष्ठानले नगरपालिका प्राज्ञ सभाबाट पारित नीति र बजेटको सीमा भित्र रही प्राज्ञ सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सक्ने नगरपालिकाको अभिन्न अङ्ग हुनेछ । यो एक स्वतन्त्र र अधिकारसम्पन्न प्रतिष्ठानका रुपमा रहनेछ ।

(ख) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(ग) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

(घ) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**५. प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरु :**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम हुनेछ :

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ख) नगरपालिका भित्र रहेका भाषा-साहित्य, ललितकला, लोक-परम्परा, कला, शिल्पकला, हस्तकला, वास्तुकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कला, चित्रकला, मूर्तिकला, गीत सङ्गीत, नाटक, लोकवार्ता, दर्शन, ज्ञान विज्ञान तथा संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्धन र विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) नगरपालिका क्षेत्र भित्रका स्रष्टाहरुका सिर्जना प्रकाशन तथा प्रदर्शनीका लागि प्रोत्साहन गर्ने ।

(घ) नगरपालिका भित्रका साहित्यकार, कलाकारका साहित्यिक कृति तथा कलाकृतिहरु निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरु सहयोग वा उपहारस्वरुप ग्रहण गर्ने ।

(च) नगरपालिका क्षेत्रभित्रका ललितकला सङ्ग्रहालय तथा सामुदायिक पुस्तकालयहरुलाई व्यवस्थितरुपमा सञ्चालनका लागि प्रोत्साहन गर्ने ।

(छ) नगरपालिका भित्र रहेका कला तथा साहित्य संस्थाहरु नगरपालिकामा दर्ता, नवीकरण तथा सूचिकरण गर्ने ।

(ज) कला तथा साहित्य संस्थाहरुको अनुगमन र मूल्याकंनमा नियामक भूमिका निर्वाह गर्ने ।

(झ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान लगायत अन्य प्रदेश, स्थानीय तह तथा संघीय सरकार एवम् लगायत सरोकारवाला संस्थाहरुसित समन्वय र सहकार्य गर्ने ।

(ञ) भाषा, साहित्य, संस्कृति, ललितकला, लोक परम्परागत कला, गीतसङ्गीत, नाटक, संस्कृतिसँग सम्बन्धित विषयमा सोध कार्य तथा प्रदर्शनीका लागि प्रोत्साहन गर्ने ।

(ट) विद्यालय तथा महाविद्यालयहरुसित सहकार्य गरी विद्यार्थीहरुलाई भाषा, ललितकला, साहित्य, गीतसङ्गीत, नाटक, संस्कृतिसँग सम्बन्धित विषयमा सोध कार्य तथा प्रदर्शनीका लागि प्रोत्साहन गर्ने ।

(ठ) नगरपालिकाका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृताहरुको अनुवादका लागि प्रोत्साहन गर्ने ।

(ड) भाषा, साहित्य, ललितकला, गीतसङ्गीत, नाटक, ज्ञान विज्ञान लगायतका संस्कृतिसम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।

(ढ) नगरपालिकाका विभिन्न जातजाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र सङ्ग्रहालय निर्माण गर्ने ।

(ण) साहित्य, ललितकला, गीतसङ्गीत, नाटक, संस्कृति, दर्शन, ज्ञानविज्ञान क्षेत्रको साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरुलाई सम्मान गर्ने ।

(त) लोपोन्मुख भाषा, संस्कृति, ललितकलाको संरक्षण गर्ने ।

(थ) स्थानीय ललितकलाको संरक्षण र संवर्धन गर्ने ।

(द) नगरपालिका स्तरीय कलादीर्घा/गृह (आर्ट ग्यालरी) निर्माण गर्ने ।

(ध) खुला सङ्ग्रहालय/पार्क/स्मारक/मूर्तिकला बगैँचा निर्माण गर्ने ।

(न) नगरपालिकाको नगर सभाले पारित गरेका भाषा, साहित्य, कला र संस्कृति सम्बन्धित अन्य कार्य गर्ने ।

## परिच्छेद ३

## प्रतिष्ठानको संरचना

**६. प्रतिष्ठानको संरचना :**

प्रतिष्ठानको संरचना देहाय बमोजिम हुनेछ । यिनीहरुको सामुहिक रुप नै माडी प्रतिष्ठान हुनेछ ।

(क) प्राज्ञ सभा

(ख) प्राज्ञ परिषद्

**७. प्राज्ञ सभाको गठन तथा काम, कर्तव्य र अधिकार :**

(१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्राज्ञ सभा रहनेछ ।

(२) प्राज्ञ सभामा १७ जना सदस्य रहनेछन् । सभाको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष | अध्यक्ष |
| (ख) उपाध्यक्ष | उपाध्यक्ष |
| (ग) सचिव | कला तथा संस्कृति हेर्ने शाखाको कर्मचारी |

(घ) नगरपालिका क्षेत्रभित्र रहेका भाषा-साहित्य, ललितकला, लोक परम्परागत कला, वास्तुकला, चित्रकला, मूर्तिकला, गीतसङ्गीत, नाट्य, चलचित्र, संस्कृति, दर्शन, इतिहास, समाजशास्त्र आदिसँग सम्बन्धित व्यक्तिहरुमध्येबाट समावेशितालाई समेत ध्यानमा राखी परिषद् सदस्यमा नगर कार्यपालिकाले दफा १० (३) बमोजिम मनोनयन गरेका १३ जना सदस्य

(ङ) कला तथा संस्कृति हेर्ने नगर कार्यपालिकाको समितिको संयोजक : पदेन सदस्य

(३) उपदफा (२) क ख ग घ बमोजिम गठित समितिको अवधि ४ वर्षको हुनेछ ।

(४) कुनै कारणले प्राज्ञ सभाका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार : प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

(ख) नगरपालिकाको नगर सभाले तोकेको बजेट सीमामा रही प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(ग) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(घ) प्रतिष्ठानलाई आवश्यक अनुगमन तथा मूल्याकंन गर्ने ।

(ङ) प्रतिष्ठानलाई आवश्यक निर्देशन तथा मार्गदर्शन गर्ने ।

(च) प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने ।

(छ) तोकिए बमोजिमका काम गर्ने ।

(६) सभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ । बैठक बस्नु अघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सूचना सभाका सचिवले सदस्यहरुलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

(७) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(८) सभाको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(१०) सभाको बैठकको निर्णय सभाको अध्यक्ष तथा सचिवले प्रमाणित गरी राख्नेछ ।

(११) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. प्राज्ञ परिषदको गठन :**

(१) नगरपालिकाको सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकारसम्पन्न कार्यकारी निकायका रुपमा एक प्राज्ञ परिषद् रहनेछ ।

(२) प्राज्ञ परिषद्को गठन यस प्रकार हुनेछ :

| | |
|---|---|
| (क) प्राज्ञ सभाको अध्यक्ष | अध्यक्ष |
| (ख) प्राज्ञ सभाको उपाध्यक्ष | उपाध्यक्ष |
| (ग) प्राज्ञ सभाको सचिव | सचिव-कला तथा संस्कृति हेर्ने शाखाको कर्मचारी |

(घ) दफा ७ को उपदफा २ (घ)  अनुसार प्राज्ञ सभाका सदस्यहरु मध्येबाट साहित्य, ललितकला, गीत, सङ्गीत, नाट्य तथा चलचित्र, मातृभाषा तथा लोकवार्ता, ज्ञानविज्ञान, इतिहास, दर्शन, समाजशास्त्र विभागका कामको संयोजन गर्ने गरी कम्तिमा २ जना महिलासहित ४ जना

(३) कुनै कारणले उपदफा २ (ख) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) अध्यक्ष कार्यकारी प्रमुख हुनेछ ।

(५) प्राज्ञ परिषद्को बैठकले परिषद्का सदस्य संयोजक रहने गरी प्राज्ञ सभाका सदस्यहरुमध्येबाट साहित्य, ललितकला, लोक परम्परागत कला, हस्तकला, वास्तुकला, चित्रकला, मूर्तिकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कला, गीत, सङ्गीत, नाट्य तथा चलचित्र, मातृभाषा तथा लोकवार्ता, इतिहास, ज्ञानविज्ञान, दर्शन, समाजशास्त्र विभाग वा उपसमितिको गठन गर्न सक्नेछ ।

(६) प्राज्ञ परिषद्को बैठक कम्तिमा महिनाको १ पटक बस्नेछ ।

## ९. प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार :

प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) प्राज्ञ सभाले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) प्राज्ञ सभाले दिएको निर्देशन पालना गर्ने ।

(ग) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरुका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि प्राज्ञ सभामा पेश गर्ने ।

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनका लागि प्राज्ञ सभामा पेश गर्ने ।

(ङ) परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने ।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## १०. सिफारिस समिति तथा मनोनयन

(१) प्रतिष्ठानको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरु र प्राज्ञ परिषद्का सदस्यहरुको मनोनयनका लागि नगरपालिका समक्ष सिफारिस गर्न कार्यपालिकाबाट गठित सोसँग सम्बन्धित विषयगत समितिको संयोजकको संयोजकत्वमा १ जना प्रतिष्ठित साहित्यकार र एक जना प्रतिष्ठित कलाकार सम्मिलित ३ सदस्यीय सिफारिस समिति गठन गरिनेछ ।

(२) उपदफा १ बमोजिम गठित सिफारिस समितिले नगरपालिका भित्र रहेका संस्कृति, ललितकला, साहित्य, सङ्गीत, नाट्य, ज्ञान विज्ञान, लोककला, हस्तकला, वास्तुकला, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विधामा १० वर्षदेखि क्रियाशिल रहेका सम्बन्धित विषयमा कृतिहरु प्रकाशन गरेका, प्रदर्शनी गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट सम्भव भएसम्म भाषा साहित्य ललितकला, गीतसङ्गीत नाटक ज्ञान विज्ञान संस्कृति दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी उपयुक्त नाम चयन गरी नगर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) सिफारिस समितिबाट सिफारिस भइ आएका व्यक्तिहरुलाई नगर कार्यपालिकाको बैठकबाट दफा ७ को उपदफा २ तथा दफा ८ को उपदफा २ बमोजिम प्राज्ञ सभा तथा कार्यकारी समितिको गठन गरिनेछ ।

## परिच्छेद ४

## प्रतिष्ठानका पदाधिकारी तथा सदस्य

**११. अध्यक्ष :**

(१) अध्यक्ष प्रतिष्ठानको प्रमुख पदाधीकारी हुनेछ ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने ।

(ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरु, प्रगति प्रतिवेदन तयार गर्ने गराउने ।

(ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरुसँग प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क समन्वय गर्ने, गराउने ।

(घ) तोकिए बमोजिमका काम गर्ने ।

**१२. उपाध्यक्ष :**

(१) दफा १० बमोजिम उपाध्यक्षको नियुक्ती हुनेछ ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको रुपमा काम गर्ने ।

(ख) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१३. सचिव :**

(१) प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न दफा १० बमोजिम सचिवको नियुक्ती गरिनेछ ।

(२) सचिवको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१४. प्राज्ञ सभा सदस्य :**

(१) प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्राज्ञ सभा सदस्यहरु रहनेछन् ।

(२) उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्राज्ञ सदस्यको नियुक्ति गरिनेछ । प्राज्ञ सभा सदस्यको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१५. प्राज्ञ परिषद् सदस्य :**

(१) प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न दफा ८ (२) बमोजिम परिषद् सदस्य रहनेछन् । परिषद् सदस्यको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१६. पद रिक्त हुने :**

(१) देहायका अवस्थामा प्रतिष्ठानका अध्यक्ष, प्राज्ञ सभाका सदस्य तथा प्राज्ञ परिषद्का सदस्यहरुको पद रिक्त रहेको मानिनेछ :

(क) निजको पदावधि समाप्त भएमा ।

(ख) निजले राजिनामा दिएमा ।

(ग) निजको मानसिक सन्तुलन ठिक नभएमा ।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) दफा १७ बमोजिम निजलाइ पदवाट हटाइएमा ।

(च) निजको मृत्यु भएमा ।

**१७. पदबाट हटाउन सक्ने :**

(१) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्का पदाधिकारी तथा सदस्यहरुले ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पद अनुकुलको आचरण नगरेको वा इमानदारीपूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्राज्ञ सभामा प्राज्ञ सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले नगरपालिका प्रमुख समक्ष लिखित निवेदन दिएमा नगर कार्यपालिकाले एक छानविन समिति गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिम गठित छानविन समितिे सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा २ बमोजिम पेश भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा नगर कार्यपालिकाले हटाउन सक्नेछ ।

(४) परिषद्का अध्यक्ष, प्राज्ञ सभाका सदस्य तथा प्राज्ञ परिषद्का सदस्यहरुलाई पदबाट हटाउनु अघि सफाइको मौका दिनुपर्नेछ ।

**१८. सचिवालय :**

(१) प्रतिष्ठानको सचिवालय नगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

(२) प्रतिष्ठानको वार्षिक प्रतिवेदन नगर प्रमुखसमक्ष पेश हुनेछ ।

(३) सचिवालयमा आवश्यकताअनुसार अन्य कर्मचारी रहन सक्नेछन् ।

## परिच्छेद ५

## शपथ, सेवा, सर्त आदि

### १९. विविध

(१) प्राज्ञ सभाका अध्यक्ष तथा उपाध्यक्ष र सचिवले अनुसूची १ बमोजिम नगरपालिकाको प्रमुख समक्ष र प्राज्ञ परिषद्का सदस्यहरुले अनुसूची १ बमोजिम प्राज्ञ सभाका अध्यक्ष समक्ष शपथ लिनुपर्नेछ ।

(२) अध्यक्ष, उपाध्यक्ष, सचिव, प्राज्ञ सभाका सदस्य तथा प्राज्ञ परिषद्का सदस्यहरुको पारिश्रमिक सेवाका सर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

(३) प्रतिष्ठानले मापदण्ड निर्धारण गरी नगरपालिका भित्र भाषा साहित्य, कला संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने स्रष्टाहरुलाई ऐन बमोजम मानार्थ, विशिष्ट तथा आजीवन सदस्यता उपलब्ध गराउन सक्नेछ ।

(४) प्रतिष्ठानले छुट्टै प्रतीक चिन्ह/लोगो, लेटर प्याड, छापको प्रयोग गर्न सक्नेछ ।

(५) नगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम, नियमावली, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

## अनुसूची १ः सपथ

## दफा १९ (१) सँग सम्बन्धित

म .................................... सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही माडी प्रज्ञा प्रतिष्ठानको .............. पदको कामकाजमा प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दाबाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्नेछैन ।

नाम थर : ............................................ दस्तखत ...................................

मिति :

शपथ गराउनेको

नाम थर : ........................................... दस्तखत ...................................

पद : ..............................

मिति :

आज्ञाले
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत